# Kamana Sewa Bikas Bank Limited

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिम देहाय बमोजिमको विवरण रहेको छ।
## आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक विवरण

**१. निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार संचालन गर्न नेपाल राष्ट्र बैंकबाट **"ख"** वर्गको ईजाजतपत्रप्राप्त बैंक ।

**२. निकायको काम कर्तव्य र अधिकार :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम , कर्तव्य र अधिकारहरु रहनेछ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** बैंकमा कार्यरत कर्मचारी संख्या (२०७९ चैत्र मसान्तसम्म) **१,०७६** रहेको छ ।

बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । कार्यकारी प्रमुख लगायत व्यवस्थापन समूहको बिवरण सूचना तथा जानकारीका लागि बैंकको वेबसाईट www.kamanasewabank.com मा राखिएको छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका इजाजतपत्रप्राप्त बैंकले दिने भनि उल्लेख गरिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** बैंकको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेबसाईट www.kamanasewabank.com मा राखिएको छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :** बैंकले प्रदान गर्ने विभिन्न प्रकारका सेवाहरुको शुल्क तथा सो सम्बन्धि आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरुको सूचना तथा जानकारी बैंकको वेबसाइट www.kamanasewabank.com मा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारी :** बैंकिङ कारोबारका सम्बन्धमा गर्नुपर्ने आवश्यक निर्णयहरु अधिकार प्रत्यायोजन गरि तोकिएका अधिकारीहरु मार्फत गर्न सक्ने व्यवस्था अवलम्बन गरिएको छ । अन्तिम निर्णयकर्ताको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समितिले कार्य गर्ने व्यवस्था गरिएको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :** बैंकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

बिकास ढुङ्गाना
प्रमुख संचालन अधिकारी
इमेल : customercare@kamanasewabank.com
फोन नं :+९७७-०१-५९७००३०

**९. सम्पादन गरेको कामको विवरण :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद** : ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारहरुलाई ताकिएको छः :

**क) बैंकको सूचना अधिकारीको नाम र पद :**

विनय दाहाल
पद : का.मु प्रमुख कार्यकारी अधिकृत
इमेल : info@kamanasewabank.com
फोन नं :+९७७-०१-५९७००३०

**ख) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :**

विनय दाहाल
पद : का.मु प्रमुख कार्यकारी अधिकृत

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ :

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
- सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- विनिमय अधिकारपत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ।
- उल्लिखित ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।
- नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका एवं परिपत्रहरु ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक वित्तीय विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस्तो विवरण बैंकको वेबसाईट **www.kamanasewabank.com** मा समेत राखिएको छ ।

**१३. तोकिए बमोजिमको अन्य विवरण :** नभएको ।

**<u>सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :</u>**

**क.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

यस बैंकले बैंकिङ कारोबार सम्बन्धी कार्य गर्दै आएको छ ।

**ख.सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :**

यस बैंकको एक आधिकारिक वेबसाईट रहेको र सो को नाम www.kamanasewabank.com रहेकोछ ।

**ग.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

बैंकको वार्षिक प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरि बैंकको वेबसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै बैंकको आवधिक वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाईट मार्फत जानकारीको लागि प्रकाशन गर्ने गरिएको छ ।

मिति : २०८०/०१/०४